बैठक संख्या-१२ मिति २०६१।०८।०५

[illegible]:०० बजे

आज मिति २०६१।०८।०५ गते शुक्रवार धरान नगरपालिका कार्य संचालन समितिको बैठक बसी तपसिलको निर्णयहरु गरियो।

उपस्थिती:

श्री टीकादत्त राई - कार्यकारी अधिकृत - धरान न.पा.

निर्णय नं-(१) जनसहभागिता योजना कार्यान्वयन सम्बन्धमा:-

आ.व. २०६१।६२ को लागि स्वीकृत वार्षिक योजना तथा कार्यक्रम-~~को~~मा स्रोतको उपलब्धताको आधारमा सन्चालन गर्दै जाने गरी स्वीकृत भएको योजना संख्या १०४ (एक सय चार) लाई जनसहभागिताको अनुपातको प्राथमिकताको आधारमा आगामी वर्ष २०६२।६३ को कार्यक्रममा समावेश गर्ने गरी सन्चालन गर्ने निर्णय गरियो। साथै आगामी आ.व.को लागि हुने वडा भेलामा यिनै योजनाहरुलाई प्रथम प्राथमिकतामा राखेर ती योजनाहरु सम्पन्न भइ सकेपछि मात्र नयाँ योजना छनौट गर्ने नीतिगत सहमती मिति २०६१।०८।०२ मा नगरपालिकामा बसेको सर्वदलिय बैठकले गरेको हुँदा सोहि मुताविक सम्बन्धित उपभोक्ता समितिले प्रतिवद्धता जना-एको लागत सहभागिता अनुसार प्राथमिकता क्रमका आधारमा योजना कार्यान्वयन भएका योजनाहरु आगामी वर्ष २०६२।०६३ को नगर विकास योजनामा अनिवार्य रुपमा समावेश गर्ने निर्णय गरियो।

निर्णय नं(२) वडा नं. २०, २१, २२ र २३ को योजना छनौट सम्बन्धमा:-

→ २०६१।१।२५ को नेपाल सरकारको निर्णयले पाँचकन्या गा.वि.स. धरान नगरपालिकामा समायोजन भएको र उक्त गा.वि.स.को गाँउ परिषदले गत पुसको परिषदमा पास भएका योजनाहरुको अतिरिक्त सो क्षेत्रको विकासका लागि (थप भएका ४ वटा वडाका लागि) धरान नगरपालिकाबाट २०६१ श्रावणको नगर ~~परिषद~~ परिषदबाट एकमुस्ट रु ३०,००,०००।- (तीस लाख) बजेट विनियोजन भएकोमा उक्त ४ वटा वडाहरुमा तपसिलका योजनाहरु सन्चालन गर्ने निर्णय गरियो।

(क) धरान २२ र २३ को घोराखोला पुल निर्माणका लागि रु ५,००,०००।-

(ख) धरान २१ र २२ को मारखोला मुहान संरक्षण तथा पाइपलाइन विस्तारकालागि रु ५,००,०००।- (पाँच लाख)

(ग) धरान २२ - डेपीखोला देखि माझमारा कागुने सम्मको सडक स्तर उन्नती कार्यकालागि रु ३,८८,०००।- तीन लाख अठासी

(ण) धरान-२१ कन्यापोखरी तेल्लनपुर बाटो ट्र्याक निर्माण कार्यका लागि रु २,५०,०००।- (दुईलाख पचास हजार मात्र)

(ड) धरान २० स्थित बसन्तटार सामुदायिक स्रोतकेन्द्र भवन निर्माण कार्यकालागि सहयोग रु २०००००।- (दुईलाख मात्र)

(च) हर्दिया दानाबारी खानेपानी ~~स्रोत~~ स्रोत थप्ने कार्यका लागि- धरान २१मा ~~रु~~ रु १०००००।- (एकलाख मात्र)

(छ) धरान २२ स्थित माथिल्लो देउराली ढल निर्माण कार्यका लागि रु ३०००००।- (तीनलाख मात्र)

(ज) धरान २१ र २२ स्थित मनुवाटार हुदै सिंहदेवि प्रा. वि. सुमन-टार सम्मको सडक निर्माणकालागि रु ४०००००।- (चारलाखमात्र)

(झ) धरान २३ पानबारी, इटहरी जानेबाटो स्तर उन्नती कार्यका लागि रु २०००००।- (दुइलाख मात्र)

(ञ) धरान २० जौरीगाँउ, शिवजङ्गा मन्दिर सम्म जाने बाटो ट्र्याक खोल्ने कार्यका लागि रु ३०००००।- तीनलाखमात्र

(ट) धरान २३ स्थित रणदेवि प्रा. वि. छत ढलानका लागि रु-१०००००।- (एकलाख मात्र)।

निर्णय नं(३) राजश्व उपशाखाको संस्थागत सुधार कार्य योजना सम्बन्धमा:- संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय राजश्व परिचालन शाखाको मिति २०६१।०६।२५ को पत्र मार्फत यस कार्यालयको राजश्व उपशाखाको संस्थागत सुधार कार्य योजना माग गरेकोहुँदा आ.व. ~~६~~२०६१।६२ का लागि राजश्व परि-चालन सम्बन्धि योजना तयार गरियो। तयार गरिएको योजनालाई यसै माइन्युटमा टाँस गरि प्रमाणित गरिएको छ।

## चालू आ.व.को राजस्व परिचालन सम्बन्धी योजना २०७१-२०७२

| क.सं | कार्यक्रमहरु | आ.व. २०७१।०७२ | आ.व. २०७२।०७३ | अनुमानीत लागत | अपेक्षीत उपलब्धि |
|---|---|---|---|---|---|
| १ | कर सूचना प्रणालीलाई भू-सूचना प्रणालीमा आवद्ध गर्ने | | | ३०००००।०० | आवद्ध हुन बाँकी ७५०० घरहरु जि आई एस मा थप आवद्ध हुने । |
| २ | हेभी ड्युटी सर्वर कम्प्युटरको व्यवस्था गर्ने । | | | ५०००००।०० | कर तथा जि आई एस कौ डेटा सर्वर स्थापना भई सूचना भण्डारण सुरक्षीत र भरपर्दो हुने । |
| ३ | मालपोत कार्यालयमा रहेको डिजिटल डाटा प्राप्त गर्ने । | | | १०००००।०० | नगरक्षेत्रभित्रका सबै जग्गाको अभिलेख कर सूचना प्रणालीमा आवद्ध हुने । |
| ४ | फोटोकपी मेशीन खरिद गर्ने | | | १०००००।०० | आफ्नो आवश्यकता पुरा गर्ने र आय श्रोतको माध्यम बनाउने । |
| ५ | वहाल कर तथा सवारी करको सफ्टवेयर खरिद गर्ने, | | | ३०००००।०० | दुवै सफ्टवेयर सञ्चालन भई कर दातालाई चुस्त सेवा प्राप्त गर्ने । |
| ६ | व्यवसाय र वहाल करको सुचना कर सूचना प्रणालीमा आवद्ध गर्ने, | | | ३०००००।०० | कर दाता तथा कर सूचना पारदर्शी तथा पहिचान योग्य हुने र करदाता पहिचानमा सहज हुने । |
| ७ | शाखामा कार्यरत ७ जना कर्मचारीलाई **Tax Software** सम्बन्धी तालिम दिने । | | | ५००००।०० | शाखामा कार्यरत सबै कर्मचारीले सफ्टवेयरको प्रयोग गर्न सक्षम हुने र काममा चुस्तता आई सेवाग्राहीले छिटो छरीतो सेवा प्राप्त गर्ने । |
| ८ | कम्प्युटर तालिम शाखमा कार्यर १ जनालाई दिने व्यवस्था मिलाउने, | | | ३०००।०० | सबै कर्मचारी कम्प्युटर चलाउन सक्षम भई सफ्टवेयर चलाउन योग्य हुने । |
| ९ | यातायात व्यवस्था कार्यालयसँग समन्वय र सहाकार्य गर्ने, सो को लागि आवश्यक सामाग्री खरिद । | | | १५००००।०० | कर असुलीमा बृद्धि हुने । |
| १० | कम्प्युटरको व्यवस्था :<br>३ सेट कम्प्युटर प्रिन्टर सहित<br>- बहाल कर काउण्टर<br>- सवारी कर काउण्टर<br>- थप एकीकृत सम्पत्ति कर काउण्टरको लागि | | | १५००००।०० | थप काउण्टरको स्थापना र सञ्चालन |
| ११ | वडा कार्यालयमा आय सम्बन्धी सफ्टवेयर सञ्चालन गर्न ५ वडा वडा स्तरीय अनलाईन कर संकलन केन्द्रको स्थापना गर्ने । सो को लागि ADSL जडान सहित ५ सेट कम्प्युटर र प्रिन्टरको व्यवस्था गर्ने । | | | ३८२५००।०० | वडा स्तरमा नै आय तथा कर असुलीले करदातालाई सुविधा हुने तथा वडामा संकलन हुने राजस्व सोझै राजस्व शाखाको कर सफ्टवेयरमा आवद्ध भई राजस्व असुलीको यथार्थ अवस्था जानकारी हासील हुने । |
| १२ | नयाँ गाभिएका वडाहरुको GIS Map वनाई भू-सूचना प्रणालीमा कर सूचना आवद्ध गर्ने, | | | ४०००००।०० | नगरको पूर्ण भूसूचना प्रणालीको स्थापना हुने । |
| १३ | कर सूचना प्रवाह तथा सेवाग्राहीको सुविधाका लागि टेलिभिजन १, डिभिडी प्लेयर १ सेट सम्बन्धित सामाग्रीहरु | | | १०००००।०० | कर दातालाई कर सचेतना कार्यक्रम प्रसारण र करदातालाई सुविधा । |
| | फायल र्‍याक १ थान | | | २५०००।०० | शाखामा प्राप्त हुने कागजपत्रहरु सुरक्षीत हुने । |
| | | | जम्मा : | २८,६०,५००।०० | |